अदालतले भर्ने
दर्ता नं.:
दर्ता मिति:

# श्री रसुवा जिल्ला अदालतमा
## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ बमोजिम दायर गरेको
## अभियोग पत्र
### सम्वत् २०८०/०८१ सालको नि.नं. १९

जिल्ला रसुवा गोसाईकुण्ड गाउँपालिका वडा नं. २ बस्ने कामी छिरिङ तामाङको जाहेरीले नेपाल सरकार.............................................................................................. } वादी

### विरुद्ध

जिल्ला रसुवा, गोसाईकुण्ड गाउँपालिका वडा नं. २, टिमुरे बस्ने कैसाङ तामाङको नाती, सार्की फिन्जो तामाङ र ङाजो तामाङको छोरा वर्ष ४७ को वाङदी तामाङ (ना.प्र.नं.५३७२/४७, रसुवा)..........................................................................................१ } प्रतिवादी

### मुद्दाः- लिखत सम्बन्धी कसूर ।

**मुद्दाको संक्षिप्त तथ्यः**

**(१) मिति २०८०/०८/१५ गतेको जाहेरी दरखास्तः**

रसुवा जिल्ला गोसाईकुण्ड गाउँपालिका वडा नं. २ बस्ने वाङदी तामाङ गोसाईकुण्ड गाउँपालिका वडा नं. २ को वडा सचिवको पदमा कार्यरत हुनुहुन्छ र म जाहेरवाला उक्त ऐ ऐ कार्यालयको वडा अध्यक्षको पदमा रही आफ्नो काम कर्तव्य पुरा गर्दै आईरहेको छु । निज प्रतिवादी वाङदी तामाङले मिति २०८०।०४।२४ को पत्र संख्या ०८०।०८१ को च.नं. ३९१ को वडा कार्यालयको लेटरप्याडमा म जाहेरवाला वडाध्यक्षको कीर्ते दस्तखत गरी सिफारिस पत्र बनाई आफ्नो नाउमा दर्ता श्रेस्ता भएको रसुवा जिल्ला टिमुरे गा.वि.स. वडा नं.८ र कि. नं. १२९ क्षे.फ. १-१२-२-० को जग्गा मालपोत कार्यालय, रसुवामा राजिनामा पास गर्नको लागि मेरो अनुपस्थिति मेरो मन्जुरी बेगर दस्तखत कीर्ते गरी मालपोत कार्यालय रसुवामा सिफारिस गरी जग्गा पास गरेको हुँदा निज वाङदी तामाङलाई दस्तखत कीर्ते सम्बन्धी कसूरमा कानून बमोजिम हदै सम्मको कारवाही गरी पाउँ भन्ने समेत ब्यहोराको कामी छिरिङ तमाङको जाहेरी दरखास्त।

जिल्ला सरकारी वकील कार्यालय रसुवा

जिल्ला सरकारी वकील कार्यालय
रसुवा

बनाउने वडा सचिव वाङ्दी तामाङलाई हदै सम्मको कारवाही होस भन्ने समेत ब्यहोराको कामी याल्बो तामाङको घटना विवरण कागज।

**(५) मिति २०८१/०३/०६ गते बुझिएका रेशम गुरुङले गरेको घटना विवरण कागजः**

मिति २०८०।०५।१२ गते म जिल्ला रसुवा गोसाईकुण्ड गा.पा.वडा नं.०२ घट्टेखोलामा थिँए । सोहि दिन साँझ अं. १८;०० बजेको समयम तिर म घट्टेखोला स्थित सडकखण्डमा हिडिंरहेको थिए । सोही समयमा गोसाईकुण्ड गा.पा.वडा नं.०२ का वडा अध्यक्ष कामी छिरिङ तामाङले बाटोमा हिँडेको देखी मलाई सोहि घट्टेखोलामा रहेको कामी याल्वो तामाङको किराना पसलमा चिया खान बोलाउनु भयो। सो पश्चात म र कामी छिरिङ तमाङ पसल भित्र जाँदा सोही पसलमा पहिले देखी जिल्ला सिन्धुपाल्चोक भोटेकोशी गा.पा.वडा नं.१ का वडा अध्यक्ष राजु लामा, निमा तामाङ चिया नास्ता खाई बसिरहनु भएको रहेछ । हामीहरु पनी पसल भित्र गई निजहरुसँग चिया नास्ता खाई गफ गरी बसिरहेको थियौं । ऐ.१८;४० बजेको समयमा गोसाईकुण्ड गा.पा.वडा नं.०२ को वडा सचिव वाङ्दी तामाङ सोही पसल भित्र आई आफ्नो साथमा ल्याएका फाईल र पत्रहरु सोही पसल भित्र चिया नास्ता खाई बसिरहेका वडा अध्यक्ष कामी छिरिङ तामाङलाई देखाई एक आपसमा कुरा कानी गर्न लाग्नु भयो । र कामी छिरिङ तमाङले कार्यालयको कुरा कार्यालयमै गरौंला भनि निज वाङ्दी तामाङले ल्याउनु भएको कागजात कामि छिरिङ तमाङले हेर्न मान्नु भएन सो पश्चात निज वाङ्दी तामाङ सोहि पसलबाट निस्कि जानु भयो । मैले पनी अरुको कुरामा खासै चासो दिईन । केहि समयमा म पनी चिया खाई सोही पसलबाट आफ्नो कोठा तर्फ गए । केहि महिना पछी निज वाङ्दी तामाङले कीर्ते हस्ताक्षर गरेको भनी सुनी थाहा पाएको थिँए । यसरी आफुखुशी कीर्ते हस्ताक्षर गरी सिफारिस बनाउने निज वडा सचिव वाङ्दी तामाङलाई कानून बमोजिम कारवाही होस भन्ने समेत व्यहोराको रेशम गुरुङको घटना विवरण कागज।

**(६) मिति २०८१/०३/०६ गते बुझिएका निमा तामाङले गरेको घटना विवरण कागजः**

मिति २०८०।०५।१२ गते म जिल्ला रसुवा गोसाईकुण्ड गा.पा.वडा नं.०२ घट्टेखोलामै थिँए । सोहि दिन साँझ अं. १८;०० बजेको समयम छिमेकि कामी ग्याल्बो तामाङको पसलमा म, जाहेरवाला कामि छिरिङ तामाङ, जिल्ला सिन्धुपाल्चोक भोटेकोशी गा.पा.वडा नं.०१ का वडा अध्यक्ष राजु लामा र रेशम गुरुङ समेतका मानिसहरु चिया नास्ता खाई बसिरहेको थियौं । सोही समयमा गोसाईकुण्ड गा.पा.वडा नं.०२ का वडा सचिव वाङ्दी तामाङ सोही पसल भित्र आई वडा अध्यक्ष कामी छिरिङ तामाङलाई आफ्नो साथमा लिई आएको सिफारिसमा हस्ताक्षर गर्न भन्नु भयो र निज कामी छिरिङ तामाङले भोलि कार्यालयमा आई हेरी हस्ताक्षर गर्छु भनी भन्नु भयो सो पश्चात निज वाङ्दी तामाङ सोहि पसलबाट निस्कि जानु भयो ।केहि हप्ता पछी वडा अध्यक्ष कामी छिरीङ तमाङको हस्ताक्षर कीर्ते गरी घरबाटो प्रमाणित सिफारिस वनाई निज वाङ्दी तामाङको नाममा रहेको जग्गा बिक्री गर्नु भएको भनि सुनी थाहा पाएको थिएँ । यसरी कसैको अनुपस्थितिमा अनुमती विना कीर्ते हस्ताक्षर गरी आफुखुशी सिफारिस बनाउने वडा सचिव वाङ्दी तामाङलाई हदै सम्मको कारवाही होस भन्ने समेत व्यहोराको निमा तामाङको घटना विवरण कागज।

जिल्ला सरकारी वकील कार्यालय
रसुवा

जिल्ला सरकारी वकील कार्यालय
रसुवा

## (७) मिति २०८१/०३/०८ गते बुझिएका राजु लामा भन्ने साङाबु लामाले गरेको घटना विवरण कागजः

मिति २०८०।०५।१२ गते म कामको शिलसिलामा रसुवा टिमुरे स्थित घट्टेखोलामा गएको थिंए सोही दिन साँझ अं. १८;०० बजेको समयमा म टिमुरे घट्टेखोला स्थितमा रहेको कामी याल्बो तामाङले संचालन गरेको पसलमा ऐ.वडाका वडा अध्यक्ष कामी छिरिङ तामाङ, साथि निमा तामाङसंग चिया नास्ता खाई गफ गरी बसिरहेको थिएँ । सोही क्रममा ऐ.१८:४० बजेको समयमा एक जना मैले नचिनेको मानिस फाईल र पत्रहरु आफ्नो साथमा लिई सोही पसल भित्र चिया नास्ता खाई बसिरहेका वडा अध्यक्ष कामी छिरिङ तामाङलाई देखाई सिफारिसमा हस्ताक्षर गरि दिनु भन्नु भयो, निज कामी छिरिङ तमाङले आज म गर्दिन भोली कार्यालयमा आउनुहोस् भनि निज मानिसलाई फर्काई दिनु भयो । मैले पनी उहाहरुकोको कुरामा खासै चासो दिईन । केहि समय पछी हामीहरु चिया नास्ता खाई सोही पसलबाट आफ्नो आफ्नो गन्तव्य तर्फ लाग्यौं भन्ने समेत व्यहोराको राजु लामा भन्ने साङाबु लामाको घटना विवरण कागज।

## (८) परिक्षण प्रतिवेदनः

**1.** The person who wrote the blue enclosed specimen signatures marked S1 to S3 and the specimen signatures marked S8 & S11 to S22 **did not write** the questioned signature marked Q1, for the following reasons:

Dissimilarities are observed between the questioned and specimen signatures in the detailed execution of various characters and part of characters such as shape, size, stroke and movement as observed in questioned signatures is nowhere observed in specimen signatures.

the aforesaid dissimilarities are significant and sufficient when consider collectively they lead me to the above said opinion.

**2. a.** The questioned rubber stamp impression marked Q2 **do not tally** with the specimen rubber stamp impression marked S6 as the reason being different in shape, size, design and spacing of letters. They do tally on superimposition.

**b.** The questioned rubber stamp impression marked Q2 **tally** with the specimen rubber stamp impression marked S9 as the reason being same in shape, size, design and spacing of letters.They do not tally on superimposition.

**3. a.** The questioned rubber stamp impression marked Q3 **do not tally** with the specimen rubber stamp impressions marked S10 as the reason being same in shape, size, design and spacing of letters. They do not tally on superimposition.

**b.**The questioned rubber stamp impression marked Q3 **tally** with the specimen rubber stamp impressions marked S10 as the reason being same in shape, size, design and spacing of letters. They do tally on superimposition.

**4.No definite opinion could be expressed** on the rest of the items. भन्ने समेत व्यहोराको परिक्षण प्रतिवेदन ।

## अभियुक्त उपरको अभियोगः

यसमा जिल्ला प्रहरी कार्यालय रसुवावाट अनुसन्धान कार्य सम्पन्न भइ अनुसन्धान प्रतिवेदन सहित प्राप्त भएको प्रस्तुत मुद्दामा मिसिल संलग्न (जाहेरी दरखास्त, बरामदी/खानतलासी मुचुल्का, भौतिक सबुत तथा नमुनाहरुको परिक्षण प्रतिवेदन, प्रतिवादी वाङदी तामाङको वयान, घटना विवरणका मानिसहरुको कागज, मालपोत कार्यालयको पत्र, गोसाईकुण्ड गाउँपालिका २ नं. वडा कार्यालयको पत्र, गोसाईकुण्ड गाउँपालिका कार्यालयको पत्र समेतबाट मिति २०८०।०४।२४ को पत्र संख्या ०८०।०८१ को च.नं. ३९१ को वडा कार्यालयको लेटरप्याडमा जाहेरवाला गोसाईकुण्ड गाउँपालिका वडा नं. २ को वडा अध्यक्ष कामी छिरिङ तामाङको अनुपस्थितिमा दस्तखत (सही) कीर्ते गरी घरबाटो प्रमाणित पत्र (सिफारिस) बनाई प्रतिवादी वाङदी तामाङले आफ्नो नाउमा दर्ता श्रेस्ता भएको रसुवा जिल्ला टिमुरे गा.वि.स. वडा नं. ८ को कि. नं. १२९ क्षेत्रफल १-१२-२-० को जग्गा



जिल्ला सरकारी वकील कार्यालय

जिल्ला सरकारी वकील कार्यालय
रसुवा

मालपोत कार्यालय, रसुवामा राजिनामा पास गरी लिखत सम्बन्धी कसूर गरेको मुद्दाको वारदात स्थापित हुन आयो।

अबः प्रतिवादीले उक्त वारदात के कसरी घटाएका रहेछन र निज प्रतिवादी उपर के कस्तो सजायको मागदावी लिन उचित होला भनि मिसिल संलग्न कागजात अध्ययन गरी अभियोजन सम्बन्धमा विचार गर्दा, रसुवा जिल्ला गोसाईकुण्ड गाउँपालिका वडा नं. २ बस्ने सोही वडाका वडा सचिव वाङदी तामाङले मेरो अनुपस्थितिमा मेरो मञ्जुरी विना मिति २०८०।०४।२४ को पत्र संख्या ०८०।०८१ को च.नं. ३९१ को वडा कार्यालयको लेटरप्याडमा म जाहेरवाला वडाध्यक्षको कीर्ते दस्तखत गरी सिफारिस पत्र बनाई निज विपक्षीले आफ्नो नाउमा दर्ता श्रेस्ता भएको रसुवा जिल्ला टिमुरे गा.वि.स. वडा नं. ८ र कि. नं. १२९ क्षे.फ. १-१२-२-० को जग्गा मालपोत कार्यालय, रसुवामा राजिनामा पास गरेको हुँदा निज वाङदी तामाङलाई दस्तखत कीर्ते सम्बन्धी कसूरमा कानून बमोजिम हदै सम्मको कारवाही गरी पाउँ भन्ने ब्यहोराको वडा अध्यक्ष कामी छिरिङ तामाङको किटानी जाहेरी दरखास्त देखिन्छ । प्रतिवादी वाङदी तामाङले पालिकाले दिएको घरबाटो सिफारिसको फरम्याटमा मैले विवरण भरी जाहेरवाला कामी छिरिङ तामाङलाई हस्ताक्षर गर्न लगाएको थिए। निजले हस्ताक्षर गरे पश्चात मैले नै उक्त पत्रमा चलानी भरी मालपोत कार्यालयमा पेश गरेको थिए। निजको हस्ताक्षर कीर्ते गरेको छैन भनी इन्कारी वयान गरे तापनि उक्त सिफारिस पत्रको एक प्रति वडा कार्यालयमा नै राखेको थिँए । उक्त सिफारिसको राजश्व रु.३००।— (तीन सय) तिर्नु पर्नेमा सेवाग्राहीको चापका कारण पछि राजश्व तिरेर रसिद काट्छु भन्दा भुलेछु भन्ने प्रतिवादीको वयान र मिसिल संलग्न पत्र समेतका अन्य प्रमाणहरु विश्लेषण गर्दा, उक्त पत्रको विवरण निज प्रतिवादीले नै भरेको, राज्यलाई तिर्न पर्ने राजश्व समेत नतिरेको, सो पत्रको कार्यालय प्रयोजनको लागि राखेको पत्र समेत नदेखिएको, चलानी नं. समेत सोही मितिको अर्को पत्रसँग मेल खाएको देखिदा प्रतिवादी वाङदी तामाङको इन्कारी वयान खण्डित देखिन्छ। वडा अध्यक्ष कामी छिरीङ तामाङ हामीसँग चिया खाएर कामी याल्बो तामाङको घरमा बसिरहेको समयमा मिति २०८०।०५।१२ गते साझ १८:४० बजे सिफारिसमा हस्ताक्षर गरि दिन पर्यो भनी प्रतिवादी वाङदी तामाङले लिएर आउदा जाहेरवालाले भोली कार्यालयमा आउनु हेरेर गरौला भनी हस्ताक्षर गर्न इन्कार गरेको हामीले देखेको हो। केहि दिन पछि गाउँघर तिर निज वाङदी तामाङले हस्ताक्षर कीर्ते गरी घरबाटो प्रमाणित सिफारिस वनाई निजको नाममा रहेको जिल्ला रसुवा टिमुरे गा.वि.स. वडा नं. ०८ मा रहेको कि.नं. १२९ क्षेत्रफल १-१२-२-० को जग्गा विक्री गर्नु भएको सुनी थाहा पाएको हो । यसरी कसैको अनुपस्थितिमा कीर्ते हस्ताक्षर गरी आफुखुशी सिफारिस बनाउने वडा सचिव वाङ्दी तामाङलाई हदै सम्मको कारवाही होस भन्ने समेत व्यहोराको बुझिएका मानिसहरु कामी याल्बो तामाङ, रमेश गुरुङ, निमा तामाङ र राजु लामा भन्ने साङाबु लामा समेतले गरेको घटना विवरण कागज समेत देखिएबाट वारदात पुष्टि हुन्छ ।

जाहेरी साथ पेश गरिएको जाहेरवालाको हस्ताक्षर कीर्ते गरी प्रतिवादीले हस्ताक्षर गरेको घरबाटो प्रमाणितमा प्रयोग भएको हस्ताक्षर परिक्षण गर्दा जाहेरवालासँग हस्ताक्षर नमिलेको तर कार्यालयको छाप मिलेको भन्ने व्यहोराको परिक्षण प्रतिवेदन, मिति २०८०।०४।२४ मा घरबाटो प्रमाणित होइन अन्य सिफारिस दिएको देखिने सिफारिसको कार्यालय प्रति र चलानी किताब देखिन्छ।



जिल्ला सरकारी वकील कार्यालय
रसुवा

घरबाटो प्रमाणित वापत तिर्नुपर्ने राजश्व तिरेको रेकर्ड नदेखिएको व्यहोराको गाउँ कार्यपालिका कार्यालयको पत्र, उक्त मितिमा माथि उल्लिखित बाहेक घरबाटो प्रमाणित सिफारिस लगायतका अन्य कुनै पनि पत्र जारी भएको नदेखिएको भन्ने समेत व्यहोराको गोसाईकुण्ड गाउँपालिका वडा नं. २ को पत्र सोही पुष्टि हुने चलानी किताब भएबाट समेत वारदात थप पुष्टि हुन्छ ।

अतः उल्लिखित आधार प्रमाणहरुबाट प्रतिवादी वाङदी तामाङले वडा अध्यक्ष कामी छिरीङ तामाङको हस्ताक्षर (सही) कीर्ते गरी घरबाटो प्रमाणित सिफारिस वनाई आफ्नै नाममा रहेको जिल्ला रसुवा टिमुरे गा.वि.स. वडा नं. ०८ मा रहेको कि.नं. १२९ क्षेत्रफल १-१२-२-० को जग्गा पास गरी आफुलाई लाभ पुर्याई लिखत सम्बन्धी कसूर गरेकोले मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ को उपदफा (१) विपरितको कसूर गरेको स-प्रमाण पुष्टी हुन आयो।

<u>अभियुक्तलाई हुनु पर्ने सजायः</u>

प्रतिवादी वाङदी तामाङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ को उपदफा (१) विपरितको कसूरमा सोही संहिताको दफा २७६ को उपदफा (३) को देहाय (ग) बमोजिम सजाय गरि पाउन मागदावी लिई सक्कल मिसिल र प्रतिवादी वाङदी तमाङलाई यसै अभियोग पत्र साथ सम्मानित अदालत समक्ष पेश गरिएको व्यहोरा सादर अनुरोध छ। साथै प्रतिवादीले पीडित राहत कोषमां बुझाउनु पर्ने क्षतिपुर्ति शुल्क वापतको रकम अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ (४) बमोजिम मुद्दा फैसला गर्दाका बखत निर्धारण गरि पाउन समेत सादर अनुरोध छ ।

<u>सजाय कम वा सजायमा छुटको माग दाबी र आधारः</u> **x**

<u>क्षतिपूर्तिको माग दाबीः</u> x

<u>अभियोग दाबीसँग सम्बन्धित कानूनी व्यवस्थाः</u>

<u>मुलुकी अपराध संहिता,२०७४</u>

<u>दफा २७६:-</u> कीर्ते गर्न नहुनेः (१) कसैले कीर्ते गर्न वा गराउन हुँदैन ।

<u>(२)</u> उपदफा (१) को प्रयोजनको लागि कसैले सर्वसाधारण वा कसैलाई कुनै हानि, नोक्सानी वा क्षति पुर्याउने वा आफू वा कसैलाई लाभ पुर्याउने नियतले कुनै झुट्टा लिखत वा झुट्टा विधुतीय अभिलेख वा लिखत वा विधुतीय अभिलेखको झुट्टा अंश वा भाग बनाउने काम गरेमा निजले कीर्ते गरेको मानिनेछ।.

<u>(३)</u> उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः-

<u>(ग)</u> खण्ड (क) र (ख) मा देखिएदेखि बाहेक अन्य सरकारी वा सार्वजनिक लिखत कीर्ते गर्नेलाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना,

<u>अपराध पीडित संरक्षण ऐन,२०७५</u>

दफा ४१:- क्षतिपुर्ति शुल्क सम्बन्धी व्यवस्थाः (४) यस दफा बमोजिमको क्षतिपुर्ति शुल्क अदालतले सम्बन्धित कसूरको फैसला गर्दाको अवस्थामा नै निर्धारण गरिदिनु पर्नेछ ।

<u>अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरुः-</u> मालपोत कार्यालय रसुवाको च.नं.१३७, मिति २०८०।०६।०७ गतेको पत्रसाथ प्रास मालपोत कार्यालय रसुवालाई सम्बोधन गरी घरबाटो प्रमाणित विषयको गोसाईकुण्ड गाउँपालिका कार्यालय च.नं. ३९१ मिति २०८०।०४।२४ गतेको पत्र आवश्यक

कानूनी प्रकृयाको लागी सम्मानित रसुवा जिल्ला अदालतबाट नै मालपोत कार्यालय रसुवामा पठाउने व्यवस्था हुन समेत अनुरोध छ।

प्रस्तुत वारदातमा अन्य कोही कसैको संलग्नता भएको भनि पछि खुल्न आएमा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ३५ बमोजिम थप अभियोग पेश गरिने व्यहोरा अनुरोध छ।

**सबुद प्रमाणः-** मालपोत कार्यालय रसुवाको च.नं.१३७, मिति २०८०।०६।०७ को पत्र र घरबाटो प्रमाणित गोसाईकुण्ड गाउँपालिका कार्यालयको च.नं. ३९१ मिति २०८०।०४।२४ गतेको पत्र

**दसी प्रमाण तथा कसुरसँग सम्बन्धित चिज वस्तुः-x**

**गवाहः-** जाहेरवालाः कामी छिरिङ तामाङ

**देख्ने/सुन्ने:-** (१) कामी याल्बो तामाङ (२) रेशम गुरुङ (३) निमा तामाङ (४) राजु लामा भन्ने साङबु लामा

**प्रस्तुत कागजपत्रहरुः**

१. मिति २०८०/०५/२६ गतेको जाहेरी दरखास्त र गोसाईकुण्ड गा.पा.वडा नं.२ को पत्र र चलानी पाना-६
२. मिति २०८०/०६/०२ गते गोसाईकुण्ड गा.पा.२ नं वडा कार्यालयलाई लेखिएको पत्र ।
३. ऐ.०४ गते मालपोत कार्यालय रसुवालाई लेखिएको पत्र ।
४. ऐ.०७ गते गोसाईकुण्ड गा.पा.कार्यालयलाई लेखिएको पत्र ।
५. ऐ.मितिमा गोसाईकुण्ड गा.पा. २ नं.वडा को कार्यालयबाट प्राप्त पत्र ।
६. ऐ.मितिमा गोसाईकुण्ड गा.पा.कार्यालयबाट प्राप्त पत्र ।
७. ऐ.मितिमा मालपोत कार्यालय रसुवाबाट प्राप्त पत्र पाना-२ ।
८. ऐ.११ गते जाहेरवाला कामि छिरिङ तामाङले गरि दिएको हस्ताक्षर नमुना पाना-३ प्रतिलिपी
९. ऐ.११ गतेको जाहेरी दर्ता भरपाई ।
१०. ऐ.मितिको अनुसन्धान अधिकृत तोकिएको पत्र पाना-२
११. ऐ.मितिको प्रारम्भिक प्रतिवेदन पठाईएको पत्र ।
१२. ऐ.१२ गते प्रतिवादी वाङ्दी तामाङले गरि दिएको हस्ताक्षर नमुना पाना-५ प्रतिलिपी
१३. ऐ.१८ गते कामि याल्बो तामाङले गरिएको घटना विवरण कागज पाना-२
१४. ऐ.३० गते भौतिक नमुना परिक्षणको लागी विधि विज्ञान प्रयोगशालामा पठाईएको पत्र पाना-२
१५. ऐ.मितिको नमुना भरपाई ।
१६. मिति २०८०/०७/१० गते सक्कलै सिफारिस पठाई दिन लेखिएको पत्र ।
१७. ऐ.मितिमा गोसाईकुण्ड गा.पा.२ वडा कार्यालयबाट प्राप्त पत्र पाना-२ प्रतिलिपी ।
१८. मिति २०८०/०८/०८ गते नमुना परिक्षणको लागी विधि विज्ञान प्रयोगशालामा पठाईएको पत्र पाना-२
१९. ऐ.१० गतेको नमुना भरपाई ।
२०. थप नमुनाहरु उपलब्ध गराईदिने सम्बन्धि विधि विज्ञान प्रगोशालाबाट प्राप्त पत्र ।

जिल्ला सरकारी वकील कार्यालय
रसुवा

२१. मिति २०८०/११/०६ गते प्राप्त गोसाईकुण्ड गा.पा.वडा २ वडा कार्यालयको पत्र र पुस्तिका (निर्णय पाना-८) थान-१,
२२. ऐ.१३ गते विधि विज्ञान प्रयोगशालामा नमुना पठाईएको पत्र र भरपाई पाना-२
२३. ऐ.२९ गते विधि विज्ञान प्रयोगशालाबाट प्राप्त पत्र ।
२४. मिति २०८०/१२/१६ गते परिक्षण प्रतिवेदन पठाईदिन लेखिएको पत्र ।
२५. मिति २०८०।१२।१८ गते विधि विज्ञान प्रयोगशालाबाट प्राप्त परिक्षण प्रतिवेदन र पत्र पाना-४
२६. मिति २०८१/०३/०६ गतको घटना विवरण कागज पाना-४
२७. मिति २०८१/०३/०८ गतको घटना विवरण कागज पाना-२
२८. मिति २०८१/०३/०९ गते पक्राउ अनुमति माग तथा जारी गरिएको पत्र ।
२९. ऐ.मितिको प्रतिवादी पक्राउ गरी दाखिला गराउने पत्र ।
३०. ऐ.मितिको अदालतको अनुमतीबाट जारी गरिएको पक्राउ पूर्जी ।
३१. ऐ.मितिको प्रतिवादी दाखिला गरिएको प्रतिवेदन ।
३२. ऐ. मितिको स्वास्थ्य परिक्षणको लागी पठाईएको पत्र र परिक्षण प्रतिवेदन पाना-५
३३. ऐ. मितिको थुनुवा पुर्जी ।
३४. ऐ. मितिको जानकारी सम्बन्धमा लेखिएको पत्र ।
३५. मिति २०८१/०३/१० गतेको म्याद थप पत्र पाना-३ ।
३६. मिति २०८१/०३/११ गते वयान कार्यको लागी लेखेको पत्र ।
३७. ऐ. मितिको गोसाईकुण्ड गा.पा. वडा नं. ०२ को कार्यालयलाई लेखेको पत्र ।
३८. ऐ. मितिको गोसाईकुण्ड गा.पा. वडा नं. ०२ को पत्र पाना-२ ।
३९. ऐ. मितिको खानतलासी पुर्जी र खानतलासी बरामदी मुचुल्का पाना-२ ।
४०. मिति २०८१।०३।१२ गतेको प्रतिवादी वाङ्दी तामाङको वयान कागज पाना ५ र नागरिकताको प्रतिलिपि।
४१. मिति २०८१।०३।१४ गतेको Global Ime बैंकलाई लेखेको पत्र
४२. ऐ. मितिको मालपोत कार्यालयलाई लेखेको पत्र ।
४३. ऐ. मितिको Global Ime बैंकको पत्र पाना-३ ।
४४. ऐ. मितिको मालपोत कार्यालयको पत्र पाना-६ ।
४५. परिक्षण पश्चात प्राप्त नमुनाहरु सक्कल खामवन्दी थान-१ ।

यो अभियोगपत्रबाट कारवाही शुरु गर्न अनुरोध गरिन्छ।

सरकारी वकीलको,
दस्तखतः २०८१।०३।१६
नामः श्रृजना घिमिरे सहायक जिल्ला न्यायाधिवक्ता
दर्जाः सहायक जिल्ला न्यायाधिवक्ता
कार्यालयः श्री जिल्ला सरकारी वकील कार्यालय, रसुवा
मितिः २०८१/०३/१६/०१

जिल्ला सरकारी वकील कार्यालय
रसुवा

कार्यालयको छापः-